# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

**पदपूर्ति समिति**

जावलाखेल, ललितपुर

## पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०५/१३

प्रतिष्ठानमा रिक्त रहेको तपसिलमा उल्लिखित पदहरू लोक सेवा आयोगको सहमति अनुसार कार्यक्षमताको मूल्यांकनद्वारा बढुवा, आन्तरिक एवम् खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी रूपमा र नेपाल सरकार वा विश्वविद्यालयका समान श्रेणीका स्थायी कर्मचारीहरूमध्येबाट काजद्वारा पूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । खुला प्रतियोगितातर्फ अधिकृत तृतीय स्तरका पदको लागि उमेर एक्काइस बर्ष पुगेका तर पैंतीस वर्ष ननाघेको र वरिष्ठ सहायक पदको लागि अठार वर्ष पुगेको तर पैतीस वर्ष ननाघेको नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र र दोब्बर दस्तुर तिरी अर्को ७ (सात) दिनभित्र नेपाली नागरिकता र शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी प्रतिष्ठानबाट निर्धारित दरखास्त फाराम भरी परीक्षा दस्तुर रु. १०००।- (एक हजार) प्रतिष्ठानको नेपाल बैंक लिमिटेड जावलाखेल, ललितपुरस्थित चल्ती खाता नं १९१००१००१७४४६५००००१ मा जम्मा गरेको सक्कल भौचर साथ राखी प्रतिष्ठानमा दर्ता गराउनुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ। दरखास्त फाराम प्रतिष्ठानको वेबसाइट (www.nasc.org.np) बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त फाराम उपर कुनै कारबाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

| वि. नं. | पद | श्रेणी | पद संख्या | पदपूर्ति प्रकार | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| **काज** | | | | | |
| १/२०८२/८३ | अध्ययन निर्देशक | अधिकृत प्रथम | १ | काज | कर्मचारी सेवा नियमावली, २०७२ को नियम ४.२(२) बमोजिम योग्यता पुगेको। |
| **कार्यक्षमताको मुल्यांकनद्वारा बढुवा** | | | | | |
| २/२०८२/८३ | वरिष्ठ अध्ययन निर्देशक | विशिष्ट | २ | बढुवा | कर्मचारी सेवा नियमावली, २०७२ को नियम ५.१ बमोजिम योग्यता पुगेको। |
| ३/२०८२/८३ | अध्ययन निर्देशक | अधिकृत प्रथम | २ | बढुवा | |
| ४/२०८२/८३ | प्रशासकीय तथा वित्तीय निर्देशक | अधिकृत प्रथम | १ | बढुवा | |
| ५/२०८२/८३ | अध्ययन उपनिर्देशक | अधिकृत द्वितीय | १ | बढुवा | |
| ६/२०८२/८३ | प्रशासकीय तथा वित्तीय उपनिर्देशक | अधिकृत द्वितीय | १ | बढुवा | |
| **आन्तरिक प्रतियोगिताद्वारा बढुवा** | | | | | |
| ७/२०८२/८३ | अध्ययन उपनिर्देशक | अधिकृत द्वितीय | १ | आ.प्र. | सम्बन्धित पदको एक श्रेणी मुनिको पदमा कम्तीमा पाँच वर्ष अविछिन्न स्थायी सेवा गरेको |
| **खुला प्रतियोगिता (समावेशी समेत)** | | | | | |
| ८/२०८२/८३ | अध्ययन उपनिर्देशक | अधिकृत द्वितीय | १ | खुला | (क) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर तह उत्तीर्ण।<br>(ख) कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको। तर विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।<br>उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिक रूपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुनेछैन । “आंशिक रूपमा काम गरेको” भन्नाले प्रति हप्ता चालीस घण्टाभन्दा कम समय गरेको कामलाई जनाउँछ। |

| वि. नं. | पद | श्रेणी | पद संख्या | पदपूर्ति प्रकार | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| ९/२०८२/८३ | प्रशासकीय तथा वित्तीय अधिकृत | अधिकृत तृतीय | १ | खुला | मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन विषयमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर तह उत्तीर्ण। |
| १०/२०८२/८३ | प्रशासकीय तथा वित्तीय अधिकृत | अधिकृत तृतीय | १ | दलित | |
| ११/२०८२/८३ | प्रशिक्षण तथा अनुसन्धान अधिकृत | अधिकृत तृतीय | १ | खुला | मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन वा विकास सम्बन्धी* विषयमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर तह उत्तीर्ण। |
| १२/२०८२/८३ | प्रशिक्षण तथा अनुसन्धान अधिकृत | अधिकृत तृतीय | १ | पि.क्षे. | |
| १३/२०८२/८३ | वरिष्ठ सहायक | सहायक प्रथम | १ | महिला | मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन वा सूचना प्रविधि विषयमा प्रथम श्रेणी वा सो सरहमा स्नातक तह उत्तीर्ण। |

**विज्ञापन सम्बन्धि विशेष सूचनाः**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रवन्ध मिलाएपछि कायम हुन आउने कूल पदहरू मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. २०७९/८० भन्दा पछिको विज्ञापनमा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटी हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम पूर्ति गरिनेछ ।

**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक (कार्यसम्पादन परीक्षण, प्रस्तुतीकरण, साइकोमेट्रिक टेष्ट) र अन्तर्वार्ता ।

**परीक्षा संचालन :** लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

**परीक्षाको भाषा :** नेपाली वा अंग्रेजी

**दरखास्त फाराम र पाठ्यक्रम :** तोकिएका पदहरूको लागि दरखास्त फाराम र पाठ्यक्रम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np बाट प्राप्त गर्न सकिनेछ ।

**समकक्षता** : समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपले दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

**समावेशी तर्फका उम्मेदवारहरूले पेश गर्नुपर्ने थप कागजातहरू** :

- दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।
- पिछडिएको क्षेत्रका हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

**दरखास्त बुझाउने अन्तिम मिति :**

(क) खुला प्रतियोगितातर्फ-२०८२/०६/०२ र दोब्बर दस्तुर २०८२/०६/०९ सम्म

(ख) काज र आन्तरिक प्रतियोगितातर्फ-२०८२/०६/०२

(ग) बढुवातर्फ-२०८२/०५/२७

**सम्पर्क मितिः** २०८२/०६/१०

**तलबः** तलब र अन्य सुविधाहरू प्रतिष्ठानको नियमानुसार हुनेछ । प्रतिष्ठानको कर्मचारी सेवा नियमावली, २०७२ प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा उपलब्ध छ ।

**परीक्षणकाल** : नियुक्ति गरिएका कर्मचारीको परिक्षणकाल महिलाको ६ महिना र पुरुषको हकमा १ वर्षको हुनेछ।

**सम्पर्क फोन नम्बर** : ०१–५४२२१६०, ०१–५४२२००२ Ext :२६१, २४०

***विकास सम्बन्धी विषयहरूः** अर्थशास्त्र, समाजशास्त्र/मानवशास्त्र, राजनीतिशास्त्र, ग्रामीण विकास, कम्प्युटर साइन्स, भूगोल, जनसंख्या अध्ययन र विकास व्यवस्थापन/अध्ययन अन्तरगत पर्ने अन्य विषयहरू ।

सदस्य-सचिव
पदपूर्ति समिति